# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## पुल्चोक ललितपुर

**प्रेस विज्ञप्ति**

मिति २०७६।४।२० गते दिउसो १५:३० बजे जिल्ला महोत्तरी गाउँपालिका वडा नं १ डामि मडै बस्ने अन्दाजी वर्ष ३५ को सुरेन्द्र ठाकुरलाई मटिहानीबाट जलेश्वर तर्फ ज. ११ प. १७३२ नम्बरको नेपाली नम्बर प्लेटको मोटरसाईकलमा आउँदै गरेको अवस्थामा निज व्यक्तिलाई ऐ.जिल्ला स्थित मटिहानी नगरपालिका वडा नं ९ स्थित हनुमान चोकमा सशस्त्र ९ नं गण हेडक्वाटर महोत्तरिबाट खटिएका टोलीले चेकजाँच गर्दा निजको साथबाट नेपाली रुपैया रु २१,२२,७०५ (अक्षरेपी रु एक्काइस लाख बाइस हजार सात सय पाँच) लगायत अन्य सामान समेत फेला परेकोले निजलाई आवश्यक कारबाहीका लागि पठाईएको भन्ने सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरीको च.नं ९९, मिति २०७६।४।२१ गतेको पत्रबाट सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ/अनुसन्धानका लागि दर्ता हुन आएको उजुरी/सूचना उपर जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादी सुरेन्द्र ठाकूरले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४( दोस्रो संसोधन २०७०) को दफा २(श) को अनुसुची नं १ को देहाय (भ) मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धित सम्बद्ध कसुर (प्रेडिकेट अफेन्स) गरी कसुरबाट प्राप्त सम्पत्ति रहे भएको जान्दा जान्दै त्यस्तो सम्पत्तिको गैर कानूनी स्रोत (Illicit origin) लुकाउने वा छल्ने उद्धेश्यले त्यस्तो सम्पत्तिको सही प्रकृति, स्थानको रुपान्तरण, सो सम्पत्तिको प्राप्ति, प्रयोग एवं धारण लगायतका सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्य गरी सोही दफाको उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टी हुन आएकोले निज प्रतिवादी सुरेन्द्र ठाकूरको साथबाट वरामदित नगद रु. २१,२२,७०५/- (एक्काईस लाख बाईस हजार सात सय पाँच रुपैया) विगो कायम गरी ऐ. ऐनको दफा ३०(१) बमोजिम सजाय तथा बरामदित रकम सोही ऐनको दफा २८(२) तथा दफा ३४ (१ ) (क) बमोजिम जफत हुनुका साथै कसुर गर्न प्रयोग भएको प्रतिवादी सुरेन्द्र ठाकुरको नाममा रहेको ज. ११ प. १७३२ को मोटरसाईकल समेत ऐ. ऐनको दफा ३४(१) (ख) बमोजिम जफतको मागदावी लिई आज मिति २०७६/११/३० गतेका दिन सम्मानित विशेष अदालत काठमाडौंमा अभियोग पत्र दर्ता गरिएको छ ।

प्रवक्ता/सूचना अधिकारी